**नेपाली / *NEPALI***

*विषय: वसन्त सेमेस्टरको यात्रा मार्गनिर्देशन, स्वास्थ्य र सुरक्षा, खोपको अपडेट*

*यस सन्देशमा समेटिएको छ*

- *वसन्त सेमेस्टरको यात्रा मार्गनिर्देशन*
- *स्वास्थ्य र सुरक्षा*
- *खोपको अपडेट*
- *सहयोग कसरी पाउने*

**वसन्त सेमेस्टरको यात्रा मार्गनिर्देशन**

**विद्यार्थी र कर्मचारीहरूलाई यस वसन्त सेमेस्टरमा** *COVID-19* लाग्नबाट र फैलाउनबाट जोगिन **मनोरञ्जनको यात्रा नगर्न प्रोत्साहित गरिन्छ।** रोग नियन्त्रण र रोकथाम केन्द्रहरूका *(Centers for Disease Control and Prevention)* अनुसार केस, अस्पतालमा भर्ती र मृत्यु राष्ट्रिय रुपमा अत्यन्तै उच्च छन् र व्यक्तिहरूले यात्रा गर्नु हुँदैन। **यदि तपाईंले यात्रा गर्नु नै पर्नेछ भने, यात्रा पहिले, बेलामा र पछि जोखिमहरू घटाउन सकिने कुराहरू थाहा पाउनुहोला।**

**स्वास्थ्य र सुरक्षा**

- *UW–Madison* मा बिहीबार र शुक्रबार पहिलो किसिमको मानसिक स्वास्थ्य र भलाई सम्मेलनले *(Mental Health & Wellbeing Summit)* कार्यशाला र गतिविधिहरूको एक श्रृंखला प्रदान गर्दछ ताकि विद्यार्थीहरू विश्राम लिन सक्दछन् र आफ्नो मानसिक र भौतिक स्वास्थ्यको हेरचाह गर्न सकुन्। यसको पछाडि एउटा क्याम्पसव्यापी "स्याहारको हप्ता (*Week of Care*)" (#TakeCareUW) हुनेछ, जुन *UW* विद्यार्थीहरू, संकाय र कर्मचारीहरूको बीचमा स्व-स्याहार र समुदायको हितलाई बढावा दिने अभियान हो।

**खोपको अपडेट**

- योग्यता भएका क्याम्पस समुदायका सदस्यहरूलाई चाँडो भन्दा चाँडो र क्याम्पसले खोपको वितरण गर्न सकेसम्म *University Health Services* ले खोप प्रदान गर्दैछ। **जब तपाईंको लागि खोपको समय उपलब्ध हुन्छ *UHS* ले तपाईंलाई ईमेल गर्नेछ - कृपया तपाईंको wisc.edu ईमेल हेर्दै गर्नुहोला।** थप जान्नुहोस्।

- **राज्यबाट योग्यता पाएका कसैले पनि आफ्नो** स्वास्थ्य सेवा प्रदायक वा अन्य समुदाय प्रदायकहरू जस्तै फार्मेसीहरू मार्फत **क्याम्पस बाहिर खोप लिन सक्दछन्।** तपाईंलाई कुन कागजात चाहिन्छ भन्ने बारे खोप खोप लगाउने व्यक्ति वा संस्थाबाट परामर्श लिनुहोस्।

- किनकि *UHS* ले योग्य सबैलाई तुरून्त खोप दिन पर्याप्त खोप पाएको छैन, **क्याम्पसले राज्यले प्रदान गरेको** *COVID-19* को सम्पर्कमा आउन सक्ने जोखिमको **प्राथमिकता मार्गदर्शनहरूको** प्रयोग गरिरहेको छ। हामी आशा गर्दछौं कि *UHS* ले मे महिनाको अन्तसम्ममा सबै योग्य संकाय र कर्मचारीहरूलाई खोप प्रदान गर्न सक्नेछ।

- यस हप्ता, *UHS* ले यी व्यक्तिहरूलाई खोप प्रदान गर्न सक्दछ: हालामा व्यक्तिगत-रूपको निर्देशनमा संलग्न ४५ बर्ष वा माथि उमेरका संकाय, कर्मचारी र प्रशिक्षण सहायकहरू; ४५ बर्ष वा माथि उमेरका आवास र भोजन कर्मचारी; सबै चाइल्डकेयर र कस्टोडियल कर्मचारीहरू।

**सहयोग कसरी पाउने**

- **यदि तपाईंसँग** धेरै सोधिएका प्रश्नहरूमा सम्बोधन नगरिएका **प्रश्नहरू छन् भने** covidresponse@vc.wisc.edu मा ईमेल पठाउनुहोला वा *UW–Madison* को *COVID-19* सहायता लाईन (608) 262-7777 मा फोन गर्नुहोला।

- अपडेटको लागि कृपया *COVID-19* प्रतिक्रिया वेबसाईट हेर्दै गर्नुहोला।